जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३२ अंक ४६ २०७९ साल भदौं २५ गते शनिबार (10 Sep 2022 Saturday) मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**




*यस अंक भित्र :* २ पृष्ठमा : 'रेल्वे हल्ट' नामकरण परिवर्तन... ३ पृष्ठमा : बजारमा सिटामोलको ... ३ पृष्ठमा : महारानी एलिजाबेथको ९६ ...

# अनुमति बिना नै नापी कार्यालय हुलाकको भवनमा संचालन

**दैनिक समाचारदाता**
**राजविराज, २४ भदौ ।**

जिल्ला हुलाक कार्यालयको भवनमा अनुमति बिना नै नापी कार्यालय सप्तरी विगत एक वर्षदेखी संचालनमा रहेको छ ।

लामो समयदेखी जिल्ला हुलाक कार्यालयको भवनमा जिल्ला प्रशासन कार्यालय सप्तरी रहीआएको अवस्थामा गत वर्ष उक्त कार्यालय सरेर आफ्नै भवनमा गएपछि सो भवनमा अनुमति बिना नै नापी कार्यालय सप्तरी अन्तरगत २ नं. नापी टोली कल्याणपुर सरेको हो ।



यता जिल्ला हुलाक कार्यालयले जिल्ला प्रशासन कार्यालय माफर्त उक्त भवन हुलाकलाई आफ्नै प्रयोजनका लागि आवश्यक भएकोले खाली गराई दिन पटक-पटक पत्राचार गर्दा समेत कुनै सुनुवाई नभएको हुलाकका निमित्त प्रमुख नारायण यादवले जानकारी दिएका छन् ।

उनले भने, "नापी कार्यालय राजविराजलाई पनि गत चैत्र २४ गते पत्राचार गर्दै उक्त भवन आफ्नै कार्यालय प्रयोजनका लागि आवश्यक भएको र भवन मर्मत सम्भारको काम गर्नुपर्ने भएकोले खाली गराईदिन ताकेता गरेपनि नापीले कुनै जवाफ दिएको छैन ।"

'अहिले सञ्चालन रहेको जिल्ला हुलाक कार्यालय अगाडीको संरचना सडकमा परेकोले क्षेत्र साँघुरिएको र भवनसमेत आवश्यक हुँदा हामी आफ्नै पुरानो भवनमा शाखा विस्तार गर्ने योजनामा थियो', हुलाकका प्रमुख यादवले भने, 'तर, जिल्ला प्रशासन कार्यालयको नागरिकता फाँट खाली हुनासाथ एकाएक अनुमति बिना नापी टोली आएर बस्यो, यो सरासर गैरकानूनी हो ।'

जिल्ला हुलाक कार्यालय सप्तरीको दायरा अहिले फराकिलो भएको छ । चिठ्ठीपत्र रजिष्टरी, नियमित डाँक, हुलाक टिकटसँगै अब बचत बैंक पनि सञ्चालनमा छन् । यसबाहेक गतवर्षदेखि सञ्चार मन्त्रालय मातहतको मिडिया सम्बन्धी सम्पूर्ण कामको जिम्मेवारी पनि हुलाकलाई नै प्रदान गरिएको छ । 'अहिले हामीलाई मिडिया शाखा नै सञ्चालन गर्नुपर्ने आवश्यकता छ', हुलाक प्रमुख यादवले भने, 'मन्त्रालयले गतवर्षदेखि नै सञ्चारमाध्यमहरुको दर्ता, नवीकरण, अनुगमन, रातो परिचय-पत्र वितरण तथा लोक कल्याणकारी विज्ञापन वापतको रकम भुक्तानीको जिम्मेवारी पनि प्रदान गरेको छ, यो सब कामकालागि छुट्टै शाखा सञ्चालन गर्न भवन अभाव रहेको अवस्थामा नापीले अनुमति बिना हुलाकको भवन कब्जा गरेको छ ।'

साबिक राजविराज नगरपालिका वडा नं. १ तथा हाल वडा नं ६ स्थित २ कठ्ठा १० धुर जग्गा २०३८ साल माघ २८ गते जिल्ला हुलाक कार्यालय (साबिकका हुलाक केन्द्र अफिस) को नाममा कायम भएको हो । सोही जग्गामा हुलाकको भवन निर्माण भई विगतमा कामकाज हुँदै आएका थिए ।

खाली रहेको सरकारी भवनमा नियमपूर्वक अर्को सरकारी कार्यालय सञ्चालन गर्न सकिन्छ । तर, हुलाक सेवा विभागले उक्त भवन आफ्नै प्रयोजनकालागि आवश्यक भएको बताईरहेको अवस्थामा अनुमति-सहमतीबिना नै नापी टोली कार्यालय सञ्चालन गैरकानूनी रहेको छ । यति मात्र नभएर नापी टोली कार्यालयले अहिले हुलाक कै जग्गा भवन क्षेत्रमा पसलसमेत सञ्चालन गरेको छ ।

# चाँदीका गहनासहित विश्वकर्मा पक्राउ





**दैनिक समाचारदाता**
**राजविराज, २४ भदौ ।**

भारतबाट अबैध रुपमा ल्याइएको चाँदीको गरगहनासहित सशस्त्र प्रहरीले शुक्रबार बिहान एक जनालाई पक्राउ गरेको छ ।

सशस्त्र प्रहरीले सप्तरीको बोदेबर्साइन नगरपालिका ५ स्वर्णपट्टी सडक खण्डबाट अबैध चाँदीका गरगहनासहित मोरङ्गको मिकलाजङ्गा गाउँपालिका ८ निवासी ४० वर्षिय चन्द्र विश्वकर्मा पक्राउ गरेको जनाएको छ ।

पक्राउ परेका विश्वकर्मा सवार मोटरसाईकलको डिक्कीबाट भारतबाट लुकाई ल्याइएको चाँदीको बाला ८१, ब्रास्लेट ८ र औंठी २४ थान बरामद गरिएको छ । बरामद गरगहना र मोटरसाईकल सहितको २ लाख ८

***बाँकी अन्तिम पृष्ठमा***

# झण्डै दुई महिनाको अवधीमा १३ दशमलब ९७ प्रतिशत मुद्दा फर्छ्यौंट

**दैनिक समाचारदाता**
**राजविराज, २४ भदौ ।**

उच्च अदालत जनकपुर राजविराज इजलाशले चालु आ.ब.को झण्डै दुई महिनाको अवधीमा १३ दशमलब ९७ प्रतिशत मुद्दा फर्छ्यौंट गरेको छ ।



अदालतले शुक्रबार संचारकर्मीहरुसँग गरेको अन्तरक्रिया कार्यक्रममा सो जानकारी दिएको हो । अदालतका सूचना अधिकारी हरिशंकर महतोले सो जानकारी दिँदै गत आ.ब.को २ हजार ६ सय २ मुद्दा जिम्मेवारी सरेको, नयाँ दर्ता ५ सय ११ गरि ३ हजार १ सय १३ मध्ये उक्त प्रतिशत मुद्दा फछ्यौट भएको बताए ।

उनले चालु आ.ब.को भदौं २४ गतेसम्म ४ सय ३५ मुद्दा फछ्यौट भएकोमा बाँकी मुद्दाहरु

***बाँकी अन्तिम पृष्ठमा***

**भर्ना खूल्यो । भर्ना खूल्यो ॥ भर्ना खुल्यो ॥।**

S.L.C. तथा S.E.E. मा कुनै पनि ग्रेडमा उत्तिर्ण भएको विद्यार्थीहरुले फारम भर्न पाउने छ ।

**V-JTA भेटनरी जे.टी.ए. १८ महिने**

**P-JTA बाली विज्ञान १८ महिने**

**हाम्रा बिशेषताहरु –**

- नेपाल सरकारको नीति अनुसार छात्रबृतिको व्यवस्था ।
- औषधी पसलको लाइसेन्स लिन पाउने ।
- OJT को विशेष व्यवस्था भएको ।
- सरकारी तथा गैरसरकारी रोजगार पाउने ।
- कलेजको आफ्नो भवनमा राम्रो प्रयोगशाला तथा पुस्तकालयको व्यवस्था भएको ।

**केही सिट बाँकी रहेकोले तुरुन्त सम्पर्क राख्नुहोला ।**

**जगदम्बा मेडिकल इन्स्टिच्यूट**
**राजविराज (रुपनी रोड), सफटेक कलेज नजिक**
**फोन नं. ०३१-५२१४७८**
**मो. नं. ९८५२८२०४७२, ९८०४७१२७०५**

**जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?**

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, "**बचत गरौं समृद्ध वनौं**"

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२,**
**www.janajyoticoop.com.np**

# ‘रेल्वे हल्ट’ नामकरण परिवर्तन नगर्न कांग्रेसको आग्रह

जनकपुरधाम, २४ भदौ (रासस) ।

नेपाली कांग्रेसले जयनगर-कुर्था रेलमार्गमा सहिदको स्मृतिमा स्थापना भएको ‘रेल्वे हल्ट’ (प्रतीक्षालय)को नामकरणलाई परिवर्तन नगर्न आग्रह गरेको छ ।

रेलमार्ग स्थापनाका बेला सहिद कामेश्वर यादव र कुशेश्वर मण्डलको नाम जोडिएर स्थापना गरिएको ‘सहिद कामेश्वर-कुशेश्वर हल्ट’ र सहिद सरोज कोइरालाको नाममा स्थापना गरिएको ‘सरोजनगर हल्ट’को नाम परिवर्तन गरिएको जनाइएको छ ।

“सहिदहरूको योगदानलाई सम्झिन स्थापना गरिएको ती हल्टको नाम परिवर्तन गर्ने काम भएको छ, त्यो अत्यन्तै आपत्तिजनक छ”, कांग्रेसका नेता डा शेखर कोइरालाले भन्नुभयो, “यो सहिदप्रतिको अपमान हो”, यसलाई कदापि स्वीकार गर्न सकिँदैन ।”

रेलमार्ग स्थापनाको समय धनुषाको जनकनन्दनी गाउँपालिकाको इनरुवामा सहिद कामेश्वर-कुशेश्वर हल्ट र बिदेह नगरपालिकाको दुहवीमा सहिद सरोजनगर हल्ट स्थापना गरिएको थियो । “तर अहिले कामेश्वर-कुशेश्वर हल्टलाई इनरुवा हल्ट बनाइएको छ भने सरोजनगर हल्टको अस्तित्व नै समाप्त पारिएको छ”, नेता डा कोइरालाले भन्नुभयो, “सहिदको नाम जोडिएर राखिएका दुवै रेल्वे हल्टको अस्तित्व समाप्त पार्ने कार्य हामीलाई स्वीकार्य छैन ।” यस विषयमा पार्टीले खुलेर बोल्नुपर्छ, यो सहिदप्रतिको सम्मानको कुरा हो, उहाँको भनाइ थियो ।

“दुहबी बजार नजिकै स्थापना गरिएको सहिद सरोजनगर हल्टमा पहिला रेल रोकिन्थ्यो”, कांग्रेसका नेता रामकृष्ण यादवले भन्नुभयो, “अहिले न त्यहाँ रेल रोकिन्छ, न त सहिद सरोजनगर हल्टमा कुनै बोर्ड नै छ ।” यहाँ सहिद सरोज कोइरालाको इतिहास मेटाउने काम भएको छ यसले हामीलाई दुःखित् बनाएको छ”, उहाँले भन्नुभयो ।

“सहिद कुनै पार्टी विशेषको हुँदैन, सबैको साझा हुन्छ”, उहाँले भन्नुभयो, “तर जसरी कांग्रेसको मात्र सहिद हो भन्ने मनसायका साथ सहिदहरूको योगदानमाथि प्रहार गर्ने काम भएको छ, यसलाई हामीले सच्याउनुपर्छ, यसलाई नसच्याए हामी चुप लागेर बस्न सक्दैनौँ ।”

“यो कुनै पार्टी विशेषको कुरा मात्र होइन”, उहाँले भन्नुभयो, “यो त ऐतिहासिक व्यक्तित्वको पहिचानको कुरा हो, सहिदको सम्मानको कुरा हो, त्यसैले सहिदको सम्मान सबैले गर्नुपर्छ ।” तत्कालीन पञ्चायती व्यवस्थाको सरकारले विसं २०२९ मा ल्याएको नयाँ शिक्षा योजनाको विरोधमा नेपाल विद्यार्थी सङ्घले गरेको आन्दोलनको क्रममा प्रहरीसँग धनुषाको यदुकाहामा झडप हुँदा गोली लागेर कामेश्वर यादव र कुशेश्वर मण्डलको मृत्यु भएको थियो ।

तत्कालीन पञ्चायतकालीन सरकारको विरुद्धमा सङ्घर्ष गर्दै आएका काङ्ग्रेस धनुषाका पूर्वसभापति तथा पूर्वसांसद सरोज कोइरालाको पञ्चायती सरकारको योजनामा विसं २०३० कात्तिक २ गते भारतको मधुवनीमा गोली हानेर हत्या गरिएको थियोए स । उहाँ कांग्रेसका नेतासँगै भारतमा प्रवास बस्दै आउनुभएको थियो ।

यसरी तत्कालीन पञ्चायत सरकारको निशानामा परेर सहिद भएका सहिदहरूको सम्मान गर्नुको साटो सरकारले सहिदका नाममा स्थापना भएको हल्टहरू हटाएर अपमान गर्ने काम गरेको कांग्रेस धनुषाका सभापति योगेन्द्र पजियारले बताउनुभयो ।

“उहाँहरू ऐतिहासिक व्यक्तित्व हुनुहुन्थ्यो, उहाँहरूले आफ्नो स्वार्थका लागि होइन, पञ्चायतका विरुद्ध बलिदानी दिनुभएको हो”, उहाँले भन्नुभयो, “यसैले उहाँलाई सम्मान गर्न अझै हल्ट, स्टेशन र चोकहरू थप्नुपर्नेमा भएकालाई पनि हटाउने काम गरेको छ, यसलाई गम्भीररूपमा हामीले लिएका छौँ ।” त्यसले अविलम्ब सहिदका नाममा स्थापना गरिएका हल्टहरू कायम गर्नुपर्छ”, उहाँको माग थियो ।

नेपाल रेल्वे कम्पनीका महाप्रबन्धक निरञ्जनकुमार झाले सहिदहरूको नाममा स्थापना भएको हल्ट हटाएको विषयमा आफूलाई जानकारी नभएको बताउनुभयो । “हल्टको नाम राख्ने वा हटाउने काम सरकारको हो”, उहाँले भन्नुभयो, “हामीलाई त रेल चलाउने मात्र अधिकार छ, रेलको विषयमा मात्र जानकारी हुन्छ ।” पहिला सहिदहरूको नाममा हल्ट राखिएको थियो भन्ने सुनिन्छ, तर यस विषयमा आफूलाई कुनै आधिकारिक जानकारी छैन, उहाँको भनाइ छ ।

# गठबन्धन टुट्दैन र तोड्नु हुँदैन : प्रधानमन्त्री देउवा

चितवन, २४ भदौ (रासस) ।

प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले सत्तारुढ गठबन्धनलाई टुटाउन षड्यन्त्र भइरहेको बताउनुभएको छ । उहाँले भन्नुभयो, “गठबन्धन कुनै हालतमा टुट्दैन र तोड्नु हुँदैन पनि ।”

नेपाली कांग्रेस चितवनद्वारा शुक्रबार यहाँ आयोजित ‘जनताको साथमा कांग्रेस अभियान’को समापन एवं विशेष सम्मान कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले गठबन्धनको विरोधमा नबोल्न कांग्रेसका नेता तथा कार्यकर्तालाई आग्रह गर्नुभयो ।

गठबन्धन तोड्नु भनेको कांग्रेस पार्टीलाई सिध्याउने षड्यन्त्र भएको जनाउँदै प्रधानमन्त्री देउवाले भन्नुभयो, “बल्ल-बल्ल पार्टी बलियो हुँदै छ, यसलाई सिध्याएर के हुन्छ । यसैले गठबन्धनको विरुद्धमा बोल्ने कुरा छैन ।”

उहाँले गठबन्धन गर्दा पार्टीलाई बढीभन्दा बढी फाइदा हुने गरी लाग्नुपर्नेमा जोड दिनुभयो । उहाँले भन्नुभयो, “गठबन्धनमा बढीभन्दा बढी फाइदा लिन हामी प्रयास गर्छौं, तर गठबन्धन कुनै हालतमा टुट्दैन, तोड्नुहुँदैन । यसमा ठूलो सहयोग भएको छ । गठबन्धन तोड्ने कुरा गर्नुहुँदैन ।”

गठबन्धनका कारण कांग्रेसले प्रधानमन्त्री, मुख्यमन्त्री र मन्त्री प्राप्त गर्ने अवसर प्राप्त गरेको जनाउँदै प्रधानमन्त्री देउवाले गठबन्धन भएर धेरै निर्वाचित हुँदै गर्दा त्यो अवसर फेरि पनि प्राप्त हुने बताउनुभयो । उहाँले पार्टीका नेता तथा कार्यकर्तालाई एकढिक्का भएर निर्वाचनमा होमिन आग्रह गर्नुभयो ।

गठबन्धन भएर सरकार बनेकै कारण नेकपा (एमाले)को एकलौटी अन्त्य भएको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, “उनीहरूको एकलौटी चलेको छैन, मनोपोली चलेको छैन ।” हिजो बाहिर हुँदा तत्कालीन एमालेको सरकारले गरेको क्रियाकलापको स्मरण गर्न नेता तथा कार्यकर्तालाई आग्रह गर्दै उहाँले गठबन्धन अघि बढ्दै गर्दा सबै ठाउँमा कांग्रेसको सरकार बन्ने सम्भावना रहेको बताउनुभयो । प्रम देउवाले भन्नुभयो, “हिजोको अवस्था कस्तो थियो । ओली सरकारलाई हटाउनुप¥यो, हटाउनुप¥यो भनेको होइन सबैले ।”

प्रधानमन्त्री देउवाले भन्नुभयो, “अहिले यो हुँदैन, त्यो हुँदैन भन्नु हुँदैन । कांग्रेसलाई बलियो र ठूलो पार्टी बनाउन गठबन्धन आवश्यक छ, भ्रमको पछाडि नलाग्न पनि आग्रह गर्दछु ।”

कतिपयले एमसिसीसँगै अमेरिकी सेना बस्छ भनेर भ्रम फैलाएकामा आपत्ति जनाउँदै उहाँले भन्नुभयो, “खै विदेशी सेना आयो त ? अहिले विदेशी सेना आएको छ त ? यस्तो पनि कुरा पत्याएर हिँड्ने हो ? झुटा आक्षेप लगाउने र प्रचार गरेर पार्टीलाई सिध्याउन खोजेका हुन् । झुटा प्रचार गरेर हाम्रो पार्टीलाई कमजोर बनाउने काम भइरहेको छ, षड्यन्त्र भइरहेको छ ।”

उहाँले वर्तमान सरकारले स्थानीय तहको निर्वाचन निष्पक्ष, स्वतन्त्र र भएरहित वातावरणमा सम्पन्न गरेको र अगामी मङ्सिरमा हुने प्रदेश र सङ्घको चुनाव पनि शान्तिपूर्ण, स्वतन्त्र र निष्पक्षारूपमा सम्पन्न हुने बताउनुभयो । उहाँले सरकारले नेपालको संविधान कार्यान्वयनलाई उच्च प्राथमिकता दिएको जानकारी दिनुभयो ।

# गठबन्धनभित्र सिट बाँडफाँटको समस्या छैन : अध्यक्ष दाहाल

कास्की, २४ भदौ (रासस) ।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले सत्ता गठबन्धनका दलहरू आसन्न प्रतिनिधिसभा निर्वाचनको सिट बाँडफाँटको नजिक पुगेको बताउनुभएको छ ।

प्रेस सेन्टर नेपाल जिल्ला समन्वय समिति कास्कीले शुक्रबार पोखरामा आयोजना गरेको पत्रकार भेटघाटमा उहाँले गठबन्धनभित्र सिट बाँडफाँटको विषयमा ठूलो समस्या नरहेको उल्लेख गर्दै दलहरू समझदारी र सहमतिको नजिक पुगेको स्पष्ट पार्नुभयो ।

उहाँले भन्नुभयो, “नेताहरूको अन्यत्र कार्यक्रम नपरेको भए हामी हिजोनै टुङ्गोमा पुगिसक्ने थियौँ । कतिपय बेला म उद्योग परिसङ्घको कार्यक्रममा जानुपर्ने, कतिपय बेला माधव नेपालको पर्ने र कतिपय बेला प्रधानमन्त्रीको कार्यक्रम परेका कारण हिजो केन्द्रित भएर लाग्न पाएनौँ । शुक्रबार ३ बजेपछि शीर्ष नेताको बैठक बसेर टङ्गोमा पुग्नेछौँ ।”

अध्यक्ष दाहालले विभिन्न जिल्लाबाट आफूलाई आसन्न निर्वाचनमा उम्मेदवार बन्नका लागि आग्रह गरिए पनि चितवनभन्दा बाहिर जाँदा सन्देश राम्रो नजाने भएकाले चितवनबाटै चुनाव लड्ने स्पष्ट पार्नुभयो । उहाँले भन्नुभयो, “चितवन छाड्दा सन्देश राम्रो हुँदैन, जित्छु भन्नेमा पूर्ण विश्वासमा छु । हुन त म फरक फरक ठाउँबाट चुनाव लडेँ । प्रचण्ड देशभरिका जनताको हो भन्ने सन्देश दिनु थियो । अहिले चितवन छाडेर हिँड्दा डराएर हिँडेको भन्ने हुन्छ । मैले त्यहाँ जित्छु पनि ।”

अध्यक्ष दाहालले नागरिकता विधेयक दोस्रो पटक दुवै सदनबाट पारित भएर गइसकेपछि राष्ट्रपति पारित गर्ने विश्वास व्यक्त गर्नुभयो । “राष्ट्रपतिलाई यताउता गर्ने अधिकार छैन । त्यसकारण हामी आशा गर्छौं यो पटक राष्ट्रपतिले प्रमाणीकरण गर्नुहुनेछ ।” अध्यक्ष दाहालले भन्नुभयो, “राष्ट्रपतिले दोस्रो पटक प्रमाणीकरण नगर्ने हो भने दुईवटा सम्भावना छ । पहिलो, यो विषय अदालतमा जान्छ । दोस्रो, राष्ट्रपतिले राजीनामा दिनुपर्ने स्थिति आउन सक्छ ।”

# नाबालिका बलात्कार मुद्दाका आरोपित दोषी ठहर

धनुषा, २४ भदौ (रासस) ।

जिल्ला अदालतले तीन वर्षदेखि विचाराधीन नाबालिक बलात्कारको मुद्दा किनारा लगाएको छ । बलात्कृत भएकी बालिकाको मुद्दामा आरोपितलाई कसुरदार ठहऱ्याउँदै मुद्दा किनारा लगाइएको हो । सजाय भने अझै निर्धारण गर्न बाँकी रहेको छ ।

सजाय निर्धारणका लागि यही भदौ २७ गते पेसी तोकिएको जिल्ला अदालतले जनाएको छ । विसं २०७६ वैशाख १५ मा क्षिरेश्वर नगरपालिका-५ महेन्द्रनगरका राजकुमार साहले छिमेकी १४ र १२ वर्षे नाबालिकालाई बेहोस बनाएर बलात्कार गरेका थिए । भदौ २० गते न्यायाधीश नारायणप्रसाद सुवेदीको इजलासले आरोपित साह दोषी रहेको ठहर गरेको छ ।

घटनाको एक महिनापछि १० जेठमा जिल्ला अदालतले आरोपितलाई थुनामा राख्न आदेश दिएको थियो । थुनामा पठाइसकेपछि २८ असोजमा यो मुद्दा पहिलोपटक अदालतमा पेसी चढेको थियो । पेसी चढेको पहिलो दिनको सुनुवाइ स्थागित भयो । त्यसयता २८ पटक यो मुद्दा पेसीमा चढ्यो ।

बलात्कारको मुद्दालाई प्राथमिकतामा राखेर सुनुवाइ गर्नुपर्ने भए पनि यो मुद्दाको हकमा भने त्यसो भएन । मुद्दा दर्ताको चरणदेखि नै पीडित परिवारले कष्ट खेप्नुपर्यो । पीडित बालिकाका बुबाले भन्नुभयो, “गाउँमा आन्दोलन गरेर स्कुल बन्द गरेपछि मात्र मुद्दा दर्ता भएको थियो ।”

अहिले अदालतले आरोपीलाई दोषी ठहर गरेपछि पीडितका बुबाले भन्नुभयो, “ढिला भए पनि अब अपराधीले सजाय पाउने भयो खुसी लागेको छ ।” कक्षा ६ मा पढ्ने पीडित बालिकाले घटनापछि स्कुल जान छाडेका थिए । उनीहरू बुबासँग काठमाडौँमा बसिरहेका थिए । पीडितका बुबा काठमाडौँमा नाइ (हजाम)को काम गर्छन् । बुबाले तीन वर्षसम्म रोकिएको बालिकाको पढाइ अब पुनः सञ्चालन गराउने सोचमा पुगेको बताउनुभयो ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. कालीप्रसाद यादव
Dr. Kali Prasad Yadav
MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# बजारमा सिटामोलको माग उच्च

काठमाडौं, २४ भदौ (रासस)।

नेपालमा डेङ्गु ज्वरोको सङ्क्रमण बढेसँगै बजारमा सिटामोल औषधिको माग उच्च रहेको छ।

औषधिको माग उच्च भएसँगै यसको अभाव हुन थालेको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र नेपाल औषधि उत्पादक सङ्घले भने बजारमा सिटामोलको अभाव नभएको जनाएका छन्। सामान्य ज्वरो आउँदा औषधि पसलमा सिटामोल किन्न जाँदा भने सर्वसाधारणले पाइरहेका छैनन्।

उच्च ज्वरो आउने, टाउको दुख्ने, आँखाको गेडी दुख्ने, जिउ पूरै दुख्ने, वान्ता हुने, खानमन नलाग्ने, पाखाला लाग्ने, घुँडाका जोर्नी दुख्ने, पिँडौलाको मासु दुख्ने आदि डेङ्गुका लक्षण हुन्। ती लक्षणका लागि बिरामीलाई सिटामोल र जीवनजलजस्ता औषधिको खानुपर्दछ तर त्यही सिटामोलजस्तो औषधिको अभाव भएको जनाइएको छ।

काठमाडौं उपत्यका लगायत देशका अन्य जिल्लामा दैनिक डेङ्गुका बिरामी बढिरहेका छन्। अहिलेसम्म छ हजारभन्दा बढी डेङ्गुका बिरामी पुष्टि भइसकेको मन्त्रालयले जनाएको छ। डेङ्गुका प्रकोप बढ्न थालेपछि सर्वसाधारणले पनि घरमा सिटामोल किनेर राख्ने गरेका छन्। यसले पनि सिटामोलको अभाव भएको बताइएको छ। मन्त्रालयका प्रवक्ता डा सञ्जयकुमार मण्डलले बजारमा सिटामोलको अभाव नभएको बताउनुभयो।

शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका मेडिकल अधिकृत डा श्रवणकुमार मण्डलले डेङ्गुका बिरामीलाई उच्च ज्वरो आउने र ज्वरो कम गर्नका लागि सिटामोल खानुपर्छ भन्नुभयो। धेरै नै ज्वरोका बिरामी बढेकाले सिटामोलका माग बढेर अभाव भएको हुनसक्ने उहाँको भनाइ छ।

नेपाल औषधि व्यवस्था विभागका निर्देशक भरत भट्टराईले सिटामोल पाइएन भन्ने गुनासो सुनेको बताउनुभयो। "डेङ्गु बढेसँगै एक/दुई दिन अघि मात्र जनताले सिटामोल पाइनन् भन्ने सुनेको छु", उहाँले भन्नुभयो, "सिटामोलको अवस्था के हो भन्नका लागि औषधि उत्पादक सङ्घलाई आइतबार बोलाएर छलफल गर्ने छु।" उहाँले सङ्कटको बेला औषधिको मूल्य बढाउनका लागि अभाव सिर्जना गर्न थालिएको हुनसक्ने बताउनुभयो।

उहाँले महामारीको बेला सिटामोलजस्तो औषधिको अभाव हुन नदिने स्पष्ट पार्नुभयो। उहाँले औषधि उत्पादक सङ्घलाई बोलाएर तत्काल सिटामोल उत्पादन गर्न निर्देशन दिने बताउनुभयो।

**५० लाख सिटामोल उत्पादन गर्दै**

नेपाल औषधि लिमिटेडका सूचना अधिकारी टीकाराम अर्याल डेङ्गुको सङ्क्रमण बढ्न थालेपछि सिटामोल औषधि बनाउनका लागि कच्चा पदार्थ आयात गर्न थालेको बताउनुभयो। उहाँका अनुसार हप्ता दिनभित्रमा कच्चा पदार्थ आउने र त्यसपछि सिटामोल औषधि उत्पादन गर्ने जानकारी दिनुभयो। उहाँका अनुसार करिब ५० लाख ट्याबलेट सिटामोल उत्पादन गर्नका लागि कच्चा पदार्थ ल्याउन थालिएको छ।

अहिले पनि औषधि लिमिटेडसँग करिब १५ लाख ट्याबलेट मौज्दात रहेको उहाँको भनाइ छ। सङ्घका उपाध्यक्ष सन्तोष बरालले बजारमा सुनेको जस्तो सिटामोलको अभाव नभएको बताउनुभयो। "मैले पनि बजारमा अभाव छ भन्ने सुनेको छु तर त्यस्तो सारै अभाव छैन। हामीले उत्पादन गर्दै आइरहेका छौँ", उहाँले भन्नुभयो।

उहाँका अनुसार नेपालमा वार्षिक १० करोड ट्याबलेट सिटामोलको माग रहेको छ। सङ्घले भने वार्षिक पाँचदेखि साढे पाँच करोड ट्याबलेट उत्पादन गरिरहेको छ।

# विभिन्न मालवस्तुको आयातमा लाग्दै आएको करको दरमा हेरफेर

काठमाडौं, २४ भदौ (रासस)।

सरकारले विभिन्न मालवस्तुको आयातमा भन्सार महसुलमा छुट दिएको छ। अर्थ मन्त्रालयले राजपत्रमा सूचना प्रकाशित गरी विभिन्न मालवस्तुको आयातमा लाग्ने करको दरमा हेरफेर गरिएको जानकारी दिएको छ।

नयाँ व्यवस्थाअनुसार कच्चा भटमासको तेल, पाम तेल, सूर्यमुखी तेल आयात गर्दा भन्सार महसुलमा ९० प्रतिशत छुट दिएको हो। राजस्व सचिव रामेश्वर दङ्गालका अनुसार उद्योगले सूर्यमुखीको तेल उत्पादन गर्न आयात गर्ने सूर्यमुखीको गेडा आयात गर्दा महसुलमा यसअघि दिइएको ५० प्रतिशत छुटको सट्टा अब ९० प्रतिशत बराबरको छुट पाउने भएका छन्।

यस्तै भटमासको गेँडाबाट तेल तथा पिना उत्पादन गर्ने उद्योगले त्यस्ता सामग्री आयात गर्दा भन्सार महसुलको ५० प्रतिशत छुटको सट्टा ९० प्रतिशत छुट पाउने नयाँ व्यवस्था गरिएको छ। मन्त्रालयका अनुसार तोरी, रायो, क्यानोलाको गेडा, सर्स्यूको गेडा आयात गर्दा लाग्ने भन्सार महसुलमा ९० प्रतिशत बराबरको छुट पाउने प्रबन्ध गरिएको छ।

अप्टिकल फाइबर केबल उत्पादन गर्ने उद्योगले कच्चा पदार्थको रूपमा पैठारी गर्ने स्प्रिङ स्टिल वायरमा भन्सार महसुल १५ प्रतिशत लाग्नेछ। सो खण्डबमोजिम सिफारिस गर्दा उद्योगको उत्पादन क्षमता र वार्षिक खपत परिणामका आधारमा गर्नुपर्ने व्यवस्था गरिएको छ। सहकारी संस्थाले करछुट हुने कारोबारबाहेकका कारोबार गरेमा साविकको नगरपालिका क्षेत्रभित्र सात प्रतिशत र महानगरपालिका क्षेत्रभित्र १५ प्रतिशत आयकर लाग्ने व्यवस्था हटाइएको छ।

नयाँ व्यवस्थाभित्र नगरपालिका क्षेत्रभित्र सञ्चालन भएका सहकारीले पाँच प्रतिशत, उपमहानगरपालिका क्षेत्रभित्र सञ्चालन भएकामा सात प्रतिशत र महानगरपालिका क्षेत्रभित्र सञ्चालन भएकामा १० प्रतिशत बराबरको छुट दिइनेछ।

यस्तै साङ्ख्यिकरुपले नियन्त्रित बङ्ग्याउने, मोड्ने, सोझो पार्ने वा च्याप्टो पार्ने अन्य यन्त्रको पैठारी महसुल दर महलमा पाँच उल्लेख गर्नुपर्नेछ। यस्तै वायर तथा फलामे डण्डीको महसुल पनि पाँच प्रतिशत मात्रै राख्ने व्यवस्था गरिएको छ। स्यानिटरी प्याडको कच्चा पदार्थ आयात गर्दा लाग्ने अन्तशुल्क अब भने नलाग्ने भएको छ।

# निहारिका बलात्कार प्रकरण : डिएनए परीक्षण गर्न आरोपित उच्च अदालतमा हाजिर

धनुषा, २४ भदौ (रासस)।

प्रहरीको हिरासतबाट छुटेपछि शिवराज श्रेष्ठ अदालतमा हाजिर भएका छन्। बुधबार जिल्ला प्रशासन कार्यालय धनुषाबाट रु एक हजार धरौटीमा रिहा भएलगत्तै श्रेष्ठ बिहीबार उच्च अदालत पुगेका हुन्।

उच्च अदालत जनकपुरले निहारिका राजपुतको मागबमोजिम नै उनीबाट जन्म भएको बालक र आरोपित श्रेष्ठको डिएनए परीक्षणको आदेश दिएको थियो। निहारिकाको मागबमोजिम अदालतले दुवैको डिएनए परीक्षण गराउने आदेश दिएको थियो। निहारिकाले श्रेष्ठले आफूमाथि जबर्जस्ती करणी गरी बालकको जायजन्म भएको माग गर्दै आएकी छिन् भने आरोपित श्रेष्ठले आफूहरूबीच माया-प्रेम रहेको र सोही समयमा सहमतिमै यौन सम्बन्ध भएको बताउँदै आएका छन्। धनुषा जिल्ला अदालतले जबर्जस्ती करणी कसुरमा श्रेष्ठलाई सफाइ दिइसकेको छ।



डा. कालीप्रसाद यादव
M.B.B.S.,MD Internal Medicine
(NAMS Bir Hospital, Kathmandu)
Consultant Physician
कन्सलटेन्ट फिजिसियन

मधुमेह(चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरतः गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
जय श्री कृष्ण फार्मेसी, ९८१९७२१५२६, ९८१७७८१९८७

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग
सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774
Mo. No : 9819721526, 9852820734


## विश्व समाचार

### महारानी एलिजाबेथको ९६ वर्षको उमेरमा निधन

लण्डन, २४ भदौ (रासस/एपी)।

बेलायती साम्राज्यको पतन र आफ्नै परिवारमा अव्यवस्था देखाउने अशान्त युगमा बेलायतको सबैभन्दा लामो समय शासन गर्ने राजा र स्थिरताको प्रतीक महारानी एलिजाबेथ द्वितीयको सिंहासनमा बसेको ७० वर्षपछि बिहीबार निधन भएको छ। उहाँ ९६ वर्षकी हुनुहुन्थ्यो। बकिंघम दरबारका अनुसार स्कटल्याण्डको ग्रीष्मकालीन निवास बालमोरल दरबारमा उहाँको मृत्यु भएको हो। महारानीको स्वास्थ्य बिग्रिएपछि शाही परिवारका सदस्यहरू बिहीबार उहाँको समीप पुग्नुभएको थियो। उहाँका ७३ वर्षीय छोरा युवराज चार्ल्स स्वतः राजा हुनुभएको छ। उहाँलाई राजा चार्ल्स तृतीय घोषणा गरिएको छ। दश दिनको औपचारिक शोकपछि महारानीकोअन्त्येष्टि गरिनेछ।

### बेलायती महारानीको निधनमा भारतले एक दिने राष्ट्रिय शोक मनाउने

नयाँ दिल्ली, २४ भदौ (रासस/एएनआई)।

बेलायतकी महारानी एलिजाबेथ द्वितीयको निधन भएकोमा भारतले राष्ट्रिय शोक मनाउने भएको छ। भारत सरकारले आगामी सेप्टेम्बर ११ तारिखका दिन राष्ट्रिय शोक मनाउने निर्णय शुक्रबार गरेको अधिकारीहरुले जनाएका छन्। "उहाँप्रति सम्मान व्यक्त गर्न हामीले एक दिन राष्ट्रिय शोक मनाउने निर्णय गरेका छौँ", भारतको विदेश मन्त्रालयद्वारा जारी वक्तव्यमा लेखिएको छ। शोक मनाउने दिन भारतभर र विदेशस्थीत भारतीय कार्यालयहरुमा भारतीय झण्डा आधा झुकाउने र त्यस दिन कुनै सरकारी कार्यालयको काम नगर्ने मन्त्रालयले जनाएको छ। भारतका प्रधानमन्त्री र विदेश मन्त्रीले भने उहाँको निधनप्रति यसअघि नै शोक वक्तव्य प्रकाशित गर्नु भएको थियो। प्रधानमन्त्री मोदीले बेलायती महारानीलाई प्रेरणादायी नेतृत्वको रुपमा स्मरण गर्नुभएको छ। उहाँले प्रकाशित गर्नुभएको शोक वक्तव्यमा महारानीको आत्माको चिरशान्तिको कामना गर्दै शोक सन्तप्त सबैप्रति सहानुभूति व्यक्त गरिएको छ। सन् २०१५ र सन् २०१८ मा आफूले बेलायत भ्रमणको क्रममा महारानी एलिजाबेथ द्वितीयलाई भेटेको स्मरण पनि उहाँले गर्नु भएको छ। "उहाँको त्यो आत्मियता, स्नेह र अभिभावकत्व मैले कहिले भुल्न सक्दिन", प्रधानमन्त्री मोदीले लेख्नुभएको छ। उहाँको निधनप्रति विश्वका अन्य देशका नेताहरुले पनि शोक व्यक्त गर्नुभएको छ भने अन्य देशहरुले पनि शोक मनाउने निर्णय गरेका छन्। बेलायतको इतिहासमा सबैभन्दा धेरै समय राजगद्दीमा रहनुभएकी महारानी एलिजाबेथ द्वितीयको गत बिहीबार ९६ वर्षको उमेरमा निधन भएको हो। उहाँले बेलायतको रानीको रुपमा ७० वर्षभन्दा बढी समय भूमिका निर्वाह गर्नुभएको थियो। उहाँको निधनसँगै उहाँका छोरा चार्ज तृतीय बेलायतको राजा बन्नुभएको छ।

### रुसी सेनाको कारबाहीमा सिरियामा एक सय बीस विद्रोही मारिए

दमासकस, २४ भदौ (रासस/सिन्ह्वा)।

रुसी सेनाले बिहीबार गरेको कारबाहीका क्रममा सिरियाको नुसरा फ्रन्ट नामक विद्रोही समूहका कम्तीमा पनि एक सय २० जना लडाका मारिएका छन्। सो समूह अल कायदा आतङ्ककारी समूहसँग आबद्ध रहेको बताइएको छ। सिरियाको उत्तर पश्चिमी क्षेत्रमा सो समूहका लडाकाहरुले हिंसा मच्चाइरहेका छन्। तिनै समूहका लडाकालाई लक्ष्य गरेर बिहीबार रुसी सेनाले सिरियाको उत्तरपश्चिमी एक प्रान्तमा हवाई कारवाही गरेको हो। रुसी सेनाको सो हवाई कारबाहीका क्रममा परेर कम्तीमा पनि एक सय २० जना लडाका मारिएका छन् भने अरु केही घाइते भएका छन्। सिरियाली इदलिब नगरको नजिक सो समूहको तालिम केन्द्र सञ्चालनमा रहेको सूचनाका आधारमा सो सैन्य हमला भएको थियो। बिहीबार सो क्षेत्रमा रुसी लडाकू विमानले १४ वटा आक्रमण गरेका थिए। त्यस क्रममा यहाँ रहेको सो तालिम केन्द्रका सामग्री पनि ध्वस्त भएका थिए भने सो तालिम केन्द्रमा आश्रय लिएर बसेका लडाकाहरु मारिएका थिए।

### भारतमा एक दिनमा ६ हजार भन्दा बढी कोरोना संक्रमित

नयाँ दिल्ली, २४ भदौ (रासस/सिन्ह्वा)।

भारतमा एकै दिनमा छ हजारभन्दा बढी कोरोनाबाट सङ्क्रमित भएका छन्। बिहीबार मध्यरातसम्मको विवरणअनुसार छ हजार ९३ जना कोरोना सङ्क्रमित भएका सङ्घीय स्वास्थ्य मन्त्रालयले शुक्रबार जनाएको छ। योसँगै भारतमा चार करोड ४४ लाख ८४ हजार सात सय २९ जना कोरोनाबाट सङ्क्रमित भएका छन्। हाल भारतमा ४९ हजार छ सय ३६ जना सक्रिय सङ्क्रमित छन्। नयाँ सङ्क्रमितको सङ्ख्याभन्दा सङ्क्रमणमुक्त भएकाको सङ्ख्या बढेको छ। बुधबार छ हजार सात सय ६८ जना कोरोना मुक्त भएका छन्। हालसम्म कोभिड-१९ बाट मुक्त हुनेको सङ्ख्या चार करोड ३९ लाख छ हजार नौ सय ७२ पुगेको छ। बिहीबार कोरोना सङ्क्रमणबाट ३१ जनाको मृत्यु भएको छ। हालसम्म भारतमा पाँच लाख २८ हजार एक सय २१ जनाले यो महारोगबाट ज्यान गुमाइसकेका छन्।

# जनज्योतिको साधारण सभा सम्पन्न, विभिन्न भावी योजना तयार




**दैनिक समाचारदाता**
**राजविराज, २४ भदौ ।**

जनज्योति कृषि सहकारी संस्था लि. राजविराजको ११ औं साधारणसभा शुक्रबार सम्पन्न भएको छ ।

आयोजित कार्यक्रममा संस्थाका अध्यक्ष विश्वनाथ मण्डलले अध्यक्षीय प्रतिवेदन प्रस्तुत गर्दै २०७९ असार ३२ गतेसम्म संस्थामा १ हजार २ सय ६३ पुरुष र ६ सय ६२ महिला गरि १ हजार ९ सय ५६ शेयर सदस्य आवद्ध रहेको तथा शेयर पुँजी २ करोड ६२ लाख ९९ हजार ४ सय रहेको जानकारी दिएका छन् ।

उनले ५ करोड ५२ लाख ४७ हजार ३ सय १७ रुँपैया २३ पैसा बचत तथा १५ करोड ८५ लाख ३७ हजार ३ सय ४० रुँपैया ५० पैसा रकम कर्जा लगानी गरिएको प्रतिवेदन प्रस्तुत गर्दै संस्थाको कुल २० करोड ६८ लाख ४३ हजार १ सय ९ रुँपैया ३ पैसा सम्पत्ति रहेको जानकारी दिए ।

प्रतिवेदन प्रस्तुत गर्दै अध्यक्ष मण्डलले कोभिड १९ को दोश्रो लहरको अवधीमा संस्थाले महामारीमा समेत सेवालाई निरन्तरता दिएको तथा सामाजिक उत्तरदायित्व वहन गर्ने क्रममा विभिन्न संघसंस्था एवं सदस्यहरुलाई आर्थिक तथा भौतिक सहयोग प्रदान गरेको जानकारी दिए । सोही अन्तरगत प्रदेश २ प्रहरी तालिम केन्द्र राजविराजमा शुद्ध खानेपानीको ट्याङ्की निर्माणको लागि आर्थिक सहयोग तथा नेपाल पत्रकार महासंघ सप्तरीलाई एक थान साउण्ड सिस्टम प्रदान गरिएको बताए ।

प्रस्तुत प्रतिवेदनमा शेयर सदस्य, शेयर पूँजी र बचत बृद्धि, व्यवसाय केन्द्रित पुँजी परिचालन र आपतकालिन ऋण व्यवस्था, शिक्षा तालिम र सूचना, जनशक्ति व्यवस्थापन प्रविधिको उच्चतम प्रयोग र भौतिक व्यवस्थापन, सदस्य सेवा, राहत, सम्मान पुरस्कार तथा सामाजिक उत्तरदायित्व, संस्थागत सुशासन व्यवसायी गुणस्तर विकास तथा प्रकाशन, बिनियम पुनर लेखन तथा कार्यविधि स्वीकृती लगायतका भावि योजना रहेको उल्लेख छ ।

संस्थाका अध्यक्ष मण्डलको अध्यक्षता तथा राष्ट्रिय सहकारी महासंघका संचालक एवं कृषि सहकारी संघका केन्द्रिय अध्यक्ष खेम बहादुर पाठकको प्रमुख आतिथ्यमा आयोजित साधारणसभामा राजविराज नगरपालिका प्रमुख (निलम्बित) भिमराज यादव, मधेश प्रदेश कृषि भूमि व्यवस्था तथा सहकारी मन्त्रालयका सहकारी शाखा प्रमुख ओमनारायण झा, राजविराज वडा नं. ९ का अध्यक्ष जवाहर यादव, विभिन्न संघसंस्थाका प्रतिनिधि, संस्थाका शेयर सदस्य तथा संचारकर्मी लगायतको सहभागिता रहेको थियो ।

# वास्तविक न्याय नपाएका निमुखाका लागि न्यायमा सहज पहुच पुऱ्याउनुपर्नेमा जोड



**दैनिक समाचारदाता**
**राजविराज, २४ भदौ ।**

नेपाल बार एसोसिएसनका अध्यक्ष गोपाल कृष्ण घिमिरले वास्तविक न्याय नपाएका निमुखालाई न्यायमा सहज पहुच पुऱ्याउन लागी निशुल्क कानुनी सहायता तथा प्रो-वोनो प्रणाली प्रभाकारी बनाउनुपर्नेमा जोड दिएका छन् ।

शुक्रवार राजबिराजमा नेपाल बार एसोसिएशनको आयोजना तथा युनडिपीको सहयोग तथा नेपाल सरकारको समन्वयमा आयोजित कानुनी सहायता तथा कानुनी सहायता प्रणाली सम्बन्धी अन्तरक्रिया कार्यक्रममा सो कुरामा जोड दिएका हुन् ।

कार्यक्रममा अध्यक्ष घिमिरेले कानुनी ब्यबसाय र बारलाई मर्यादित भएर सक्षम न्याय सम्पादन तर्फ अगाडी बढनुपर्नेमा जोड समेत दिए । उनले निशुल्क कानूनी सहायता क्षेत्रको बिस्तार र प्रभावकारितामा अभिबृद्धि गर्न चुनौती रहेकोले स्थानिय तह, नागरिक समाज, संचार माध्यम, मानवअधिकारकर्मिको क्षेत्रमा काम गर्ने संघसंस्थाहरू समेत सहकार्य र समन्वयमा निशुल्क कानुनी सहायता प्रणालीको बिकास गर्नुपर्ने बताए ।

अध्यक्ष घिमिरेले कानुनी ब्यवसाय, जिल्ला बार,उच्च बार ले दिने निशुल्क कानुनी सेवा लिपिबद्व नभएको कारण अपेक्षित लक्ष्य हासिल गर्न नसकेको माथिका तहहरूलाई सुधार गरी मर्यादित कानुनी ब्यवसाय भएर अगाडि बढन सुझाव समेत दिए ।

नेपाल बार एसोसिएसनका उपाध्यक्ष तथा मधेश प्रदेश संयोजक सुधिर कर्णले वास्तविक न्यायका उपभोक्तले न्यायमा सहज पहुँच पुऱ्याउन निशुल्क कानुनी सहायता तथा प्रो-वोनो उपलब्ध गराउनुपर्नेमा जोड दिए ।

अध्यक्ष कर्णले गरिव, बिपन्न, आर्थिकरूपमा कमजोर, निमुखालाई न्यायकालाई अदालत सम्म कसरी ल्याउने तर्फ निशुल्क कानुनी सहायताका लागि कानुनी ब्यवसाय जिम्मेवार हुनुपर्नेमा जोड दिए ।

नेपाल बार एशोसिएशनले विभिन्न जिल्लामा निशुल्क कानुनी सहायता उपलब्ध गराउदै आएकोले स्वेचछिक निशुल्क कानुनी सेवा प्रो-वोनो) समेतलाई थप प्रभावकारी, ब्यबस्थित र संस्थागत गर्न विभिन्न प्रयास गरिरहेको बताए ।

कार्यक्रममा नेपाल बार एसोसिएसनका महासचिव अन्जिता खनाल, कोषाध्यक्ष अधिबक्ता भरत राउत, युनिडिपी अन्तर्गत संस्थागत सुधार मार्फत न्यायमा पहुँच अभिबृद्धि परियोजनाका लिगल एडआउट रिच अफिसर उर्मिला रोका, उच्च बार ईकाई राजबिराजका अध्यक्ष भरत यादब, जिल्ला बार एसोसिएसनका अध्यक्ष रामप्रसाद चौधरी, ईन्सेक प्रतिनिधि मनोहर पोखरेल लगायतले निशुल्क कानुनी सहायता प्रणाली सहज बनाउनुपर्नेमा जोड दिए ।

कार्यक्रममा उच्च अदालत बार ईकाई सचिव मोहमद समिमले धन्यवाद ज्ञापन गरेको कार्यक्रमको संचालन उच्च बार ईकाई राजबिराजका सहसचिव अधिवक्ता दानो चौधरीले गरेकी थिइन् । दुई दिन सम्म संचालन हुने अभिमुखिकरण कार्यक्रममा मधेश प्रदेशका ८ वटै जिल्लाका अधिबक्ता तथा बार एसोसिएनका तथा विभिन्न संघसंस्थाहरूका प्रतिनिधिहरूको सहभागीता रहेको थियो ।

उक्त अभिमुखिकरण कार्यक्रमको सहजिकरण नेपाल बार का महासचिव अन्जिता खनाल, मधेश प्रदेश संयोजक सुधिर कर्ण, युनडिपी कार्यक्रम संयोजक उर्मिला रोकाले गरेका थिए ।

## झण्डै दुई ...

गरि ७५ दशमलब २४ प्रतिशत मुद्दाहरु फछ्यौट गर्ने लक्ष्य राखेको जनाए । उनले चालु आ.ब. मा २ हजार ५ सय ५२ अनुमानित नयाँ मुद्दा दर्ता गरि ५ हजार १ सय ५४ मध्ये ३ हजार ८ सय ७८ मुद्दाहरु फछ्यौट गर्ने अदालतको लक्ष्य रहेको बताए ।

सोही अन्तरक्रियामा अदालतका मुख्य न्यायाधिश हरिप्रसाद भण्डारीले गत वर्ष बारको आन्दोलन तथा कोभिडको महामारीका लक्ष्य अनुरुप सफलता प्राप्त गर्न नसकेको उल्लेख गरे । उनले मुद्दाको चापलाई ध्यानमा राख्दै आफूहरुले मुद्दा फछ्यौट गर्ने कार्यलाई सक्दो छिटै टुङ्ग्याउनेतर्फ प्रयास गरिरहेको बताए ।

अदालतबाट सेवाग्राहीलाई प्रवाह हुने निशुल्क कानुनी उपचार, मिट द जज तथा समुदायस्तरमा पुगेर न्यायका बारे जानकारी तथा विभिन्न परामर्श दिने कार्यलाई समेत उच्च प्राथमिकतामा राखेर कार्य गरिरहेको जिकिर समेत गरे ।

सो अवसरमा न्ययाधिश इश्वरराज आचार्य, रजिष्टार रामप्रसाद भटराई, उपरजिष्टार उज्जवल न्यौपाने, आइटी अफिसर ओमप्रकाश यादव, नेपाल पत्रकार महासंघ सप्तरीका सभापति श्रवणकुमार देव लगायत संचारकर्मीहरुको उपस्थिति रहेको थियो ।

## चाँदीका गहनासहित ...

हजार ४८ रुपैया मुल्याङ्कन गरिएको सशस्त्र प्रहरीले जनाएको छ ।

सशस्त्र प्रहरी नायव निरिक्षक जयनारायण मण्डलको कमाण्डमा खटिएको टोलीले उनलाई अबैध चाँदीका गरगहनासहित नियन्त्रणमा लिएको सशस्त्र प्रहरी उपरिक्षक प्रदिप खडकाले जानकारी दिए ।

बरामद समानसहित विश्वकर्मालाई आवश्यक कारवाहीका लागी तिलाठीस्थित राजविराज भन्सार कार्यालय चलान गरिएको सशस्त्र प्रहरी बल नेपाल नं.६ गण हेडक्वाटर सप्तरीले जनाएको छ ।

दुषित पानीका कारण हुने रोगप्रति सजग रहौं

फोहर पानीले झाडापखाला, हैजा, टाइफाइड, आउँ, जण्डिसजस्ता रोगहरु लाग्न सक्छन्।

त्यसैले:

- खोला, धारा वा मूलको पानी सिधै प्रयोग नगरौं,
- पानी उमालेर वा शुद्धिकरण गरेर मात्र प्रयोग गरौं,
- पिउने पानीलाई सफा भाँडामा छोपेर राखौं र सफा भाँडाले पानी झिक्ने गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit | City Express Money Transfer | Best Remit Quick & Easy | Prabhu Money Transfer — रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम | IME International Money Express | himal remit हिमालरेमिट | CG Money

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेवसाइट** : rajbirajdainik.com.np